२०७५/०३/१०

## गाउँ सभाको बैठकमा २०७५।३।१० गते आइतवार का दिन गाउँ सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०७५।०७६ को बजेट वक्तव्य

एकडारा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

एकडारा, महोत्तरी २०७५

### एकडारा गाँउपालिका आ.व. २०७५/०७६ को बजेट वक्तव्य :-

- यस गाउँपालिकाको जनमा दिगो शान्ति, सुशासन, कानुनी ग्राहयताको विकास र सम्बृद्धिको आकांक्षा पुरा गर्न यो गाउँपालिका आवश्यक जनसहभागिता र संस्थागत व्यवस्थापकिय प्रवन्ध मिलाउदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।
- नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. २०७५/०७६ को बजेट व्यक्तव्यमार्फत घोषित आयोजना तथा कार्यक्रमहरु माथी यो गाउँसभा अनुकरण सम्मान गर्दै सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।
- अगामि आर्थिक बर्षको बजेट तर्जुमा गर्दा संविधानमा उल्लेखित नागरिकका मौलिकहरु, नागरिक कर्तव्यहरु, राज्य निर्देशकका सिद्धान्त, निति तथा दायित्व, चौधो आवधिक योजना, विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता, प्रदेश सरकारको निति तथा कार्यक्रम, गाउँसभाका सदस्य तथा पदाधिकारीज्यूहरुले दिनु भएको सुझावहरु, पूर्व बजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ.व. २०७४/०७५ को बजेटमा उल्लेखित महत्वपूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।
- राज्यको संघीय संरचनाको प्रारुप स्वरुप संघ, सात वटा प्रदेश र प्रदेश मध्ये २ नं. प्रदेशको १३६ वटा स्थानिय तहहरु रहेका छन् जसमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाँउपालिका मध्ये महोत्तरी जिल्लामा १५ स्थानिय तह मध्ये १० नगरपालिका, ५ गाँउपालिका मध्ये एकडारा गाँउपालिका जहाँ ६ वटा वडा रहेका छन् ।